# रसुवा हिमसुनामी २०२६ ले मिडिया मार्फत सिकाएका पाठहरू

यो एनआइआरसी र एथिकल मिडियाले मूल रूपमा अङ्ग्रेजीमा तयार गरेको **"Reviewing Rasuwa Response:** *A Media Analysis of Media Coverage, Political and Geopolitical Dimensions, Climate Justice, and Misinformation/Disinformation of the Rasuwa (Bhotekoshi) Flood" को नेपाली सार हो।*

गत ११ भदौ २०८३ (२६ अगस्ट २०२६) मा आएको रसुवा (भोटेकोसी) बाढी (पछि धेरैले यसलाई हिमसुनामीको नाम दिए) नेपालको इतिहासमै जलवायु परिवर्तन र प्राकृतिक विपत्तिले ल्याएको ठुलो विनाशमध्ये एक हो। नेपाल-चीन सीमा नजिकैको लाङटाङ लिरुङ हिमाल नजिकै चट्टानसँगै खसेको ठुलो हिम खण्डका कारण यो बाढी आएको अध्येताहरूले बताएका छन्। यसले धेरै जिल्लामा ठुलो जनधनको क्षति पुऱ्यायो‘ १,३०० भन्दा बढीको ज्यान गयो, ५,३०० भन्दा बढी बेपत्ता भए, संरचनाहरू ध्वस्त भए र पुनर्निर्माणका लागि लगभग ३ खर्ब ३० अर्बदेखि ६ खर्ब ६० अर्ब रुपैयाँ (अमेरिकी डलर २.५ देखि ५ अर्ब) लाग्ने अनुमान गरिएको छ। हिमसुनामीले ल्याएको यो सङ्कटले उद्धार र राहतको विषयसँगै पूर्व तयारी, छिमेकी देशसँगको सहकार्य, जलवायु सङ्कटको असर, विकासका पूर्वाधार र भ्रामक समाचारको जोखिमबारेमा गम्भीर चिन्तनको विषय बनेको छ।

## अध्ययन विधि

यो समीक्षा बाढी आएको दिन ११ देखि २४ भदौ २०८३ (२६ अगस्टदेखि ८ सेप्टेम्बर २०२६) सम्मका १५ दिनमा सञ्चारमाध्यममा आएका समाचार र विवरणहरूको विश्लेषण गरेर तयार पारिएको हो। यसका लागि स्वदेशी तथा विदेशी मिडिया, सरकारी सूचना, विज्ञ तथा अनुसन्धानकर्ताका लेख, अन्तर्राष्ट्रिय निकायका प्रतिवेदन, सामाजिक सञ्जालका सामग्री र तथ्य जाँच (Fact-check) हरूको अध्ययन गरिएको थियो। यस अध्ययनले ६ वटा मुख्य विषयमा केन्द्रित रहेर विश्लेषण गरेको छः राहत र उद्धार, सरकारी उत्तरदायित्व, छिमेकी देशहरूसँगको कूटनीति, जलवायु न्याय, जलविद्युत् आयोजनाहरू र भ्रामक/मिथ्या सूचना।



निष्कर्ष

- **पूर्व सूचना र समन्वयको कमी:** बाढीले नेपालको विपद् पूर्व तयारी र आपत्कालीन व्यवस्थापन प्रणालीका गम्भीर कमजोरीहरू उजागर गऱ्यो। बाढी आइसकेपछि मात्र प्रभावित क्षेत्रका बासिन्दाले चेतावनी पाएका थिए। साथै, नेपाल र चीनबिच सीमा पार प्राकृतिक जोखिमसम्बन्धी सूचना आदानप्रदान गर्ने सक्रिय संयन्त्र नहुँदा ठुलो अन्योल सिर्जना भयो। मिडिया र विज्ञहरूको विश्लेषण अनुसार आन्तरिक पूर्व सूचना प्रणाली र सीमा पार तथ्याङ्क आदानप्रदान संयन्त्र दुवै असफल देखिए, जसले भविष्यका लागि मजबुत प्राविधिक, संस्थागत र कूटनीतिक समन्वय अनिवार्य रहेको पुष्टि गर्छ।
- **सरकारी जबाफदेहितामाथि प्रश्नः** उद्धार कार्य अघि बढ्दै जाँदा समाचारहरू क्षति विवरणबाट मोडिएर सरकारी जबाफदेहितामाथि केन्द्रित हुन थाले। तीनै तहका सरकारबिच समन्वयको अभाव, आपत्कालीन सञ्चारमा सङ्कट, मानवीय क्षतिका प्रतिवेदनमा एकरूपता नहुनु, दक्ष उद्धार टोलीको कमी र उच्च जोखिमयुक्त नदी तटीय क्षेत्रमा निरन्तर भइरहेका निर्माण कार्यबारे गम्भीर प्रश्नहरू उठे।
- **भू-राजनीतिक आयाम र कूटनीतिः** यस विपद्ले विपद् जोखिम व्यवस्थापनमा नेपाल-चीन सहकार्यको रणनीतिक महत्त्व स्पष्ट पाऱ्यो। बाढी पूर्व सूचना आदानप्रदान सम्बन्धी असफल वार्ता, घटनाको जिम्मेवारीबारे परस्पर विरोधी भनाइ र क्षेत्रीय जलवायु जिम्मेवारीबारेका बहसहरू मुख्य विषय बने। राजनीतिक संवेदनशीलतालाई आत्मसात् गरेर हिमाली क्षेत्रमा प्रभावकारी जोखिम व्यवस्थापनका लागि सीमापार सहकार्य, तथ्याङ्क पारदर्शिता र संयुक्त अनुगमन प्रणाली अपरिहार्य हुने देखिन्छ।
- **जलवायु न्यायबारे अन्तर्राष्ट्रिय ध्यानाकर्षणः** नेपालले अन्तर्राष्ट्रिय 'नोक्सानी तथा क्षति कोष' (FRLD) सँग सहयोगको अपिल गरेपछि यो हिमसुनामी जलवायु वित्तको विश्वव्यापी एजेन्डा बन्यो। तर, मिडियाले 'जलवायु वित्त' (Climate Finance) र 'क्षतिपूर्ति' (Compensation) बिचको भिन्नता स्पष्ट पार्न नसक्दा सर्वसाधारणमा कोषको वास्तविक दायराभन्दा फरक अपेक्षा सिर्जना भएको छ। न्यून उत्सर्जन गरेर पनि उच्च जोखिममा परेको नेपालको संवेदनशीलतालाई कायम राख्दै जलवायु वित्त संयन्त्रबारे स्पष्ट सञ्चार हुनुपर्ने आवश्यकता प्रतिवेदनले औंल्याएको छ।
- **जलविद्युत् र विकास मोडलको सूक्ष्म समीक्षाः** बाढीले जलविद्युत् पूर्वाधारमा व्यापक क्षति पुऱ्यायो, जसका कारण भारततर्फको बिजुली निर्यात रोकियो र नेपालको जलविद्युत्मा आधारित विकास रणनीतिबारे बहस सुरु भयो। आयोजनाहरूको डिजाइन, वित्तीय व्यवस्थापन र स्थान छनोट गर्दा जलवायु तथा बाढीको जोखिमलाई ध्यान दिइएको थियो कि थिएन भन्नेबारे खोजमूलक समाचारहरू प्रकाशित भए। साथै, विगतमै बाढीबाट प्रभावित जोखिमयुक्त स्थानहरूमै पुनः पूर्वाधार बनाउने परिपाटीप्रति चिन्ता व्यक्त गरियो।
- **भ्रामक सूचनाको अर्को आपत्कालः** बाढीसँगै सामाजिक सञ्जालमा AI-द्वारा निर्मित भिडियो, पुराना फोटो, भ्रामक दाबी, षडयन्त्रका सिद्धान्त र गलत तथ्याङ्कहरूको बाढी नै आयो। यो नियतवश मात्र

नभई सरकारले समयमै सही सूचना दिन नसक्दा सिर्जना भएको अन्योलका कारण पनि फैलिएको थियो। यसले विपद्का बेला विश्वासिलो सूचना प्रणाली र तत्काल तथ्य-जाँच (Fact-checking) को महत्त्वलाई उजागर गरेको छ।

**सिफारिसहरू**

**सङ्घीय सरकारः**

- चीनसँग सीमा पार जोखिमसम्बन्धी तथ्याङ्क आदानप्रदान गर्न संयन्त्र स्थापना गर्ने।
- बहु-जोखिम पूर्व सूचना तथा विपद् सूचना प्रणालीलाई आधुनिक र प्रभावकारी बनाउने।
- सङ्घ, प्रदेश र स्थानीय सरकारबिचको समन्वय संयन्त्रलाई सुदृढ बनाउने।
- पूर्वाधार आयोजनाको स्वीकृति दिँदा जलवायु र भू-जोखिम मूल्याङ्कनलाई अनिवार्य गर्ने।

**प्रदेश तथा स्थानीय सरकारः**

- समुदायमा आधारित पूर्व सूचना र सुरक्षित स्थानमा स्थानान्तरण गर्ने प्रणालीको विस्तार गर्ने।
- जोखिमका आधारमा भू-उपयोग नीति र विकास नियन्त्रण कडाइका साथ लागू गर्ने।
- उच्च जोखिममा रहेका समुदायहरूका लागि दीर्घकालीन स्थानान्तरण र पुनर्वास रणनीति बनाउने।
- स्थानीय स्तरमै विपद् पूर्व तयारी र उद्धार क्षमता अभिवृद्धि गर्ने।

**सञ्चार माध्यमः**

- सूचना प्रवाह गर्नुअघि त्यसको सत्यता जाँच (Fact-checking) र प्रमाणीकरण संयन्त्रमा लगानी गर्ने।
- विपद् रिपोर्टिङका नैतिक मापदण्डहरू पूर्ण रूपमा पालना गर्ने।
- हचुवाका भरमा भन्दा वैज्ञानिक तथ्य र विज्ञहरूको विश्लेषणका आधारमा समाचार तयार पार्ने।
- भ्रामक र झूटा सूचनाविरुद्ध जनचेतना फैलाउन सहयोग गर्ने।

**नागरिक समाज तथा गैरसरकारी संस्था:**

- सामुदायिक उत्थानशीलता, पूर्व तयारी र जोखिम सचेतना कार्यक्रमहरूलाई सुदृढ बनाउने।
- पीडितहरूका लागि मनोसामाजिक परामर्श, संरक्षण र सामाजिक सद्भावका प्रयासहरू सञ्चालन गर्ने।
- डिजिटल साक्षरता बढाउँदै भ्रामक सूचना चिन्न र रोक्न सहयोग गर्ने।
- पुनर्स्थापना र राहतमा गरिब, महिला, अपाङ्गता भएका र सीमान्तकृत वर्गलाई प्राथमिकता दिने।

**सामुदायिक सञ्जालः**

- स्थानीय स्तरमा भरपर्दो सञ्चार र सूचना आदानप्रदान प्रणालीको विकास गर्ने।
- स्वयंसेवकहरूको पूर्व तयारी र उद्धार क्षमता सुदृढ बनाउने।

- जोखिम नक्साङ्कन, सुरक्षित निकासा योजना र पूर्व तयारी गतिविधिहरू सञ्चालन गर्ने।
- सङ्कटको समयमा आधिकारिक र पुष्टि भएका सूचना स्रोतहरूको मात्र प्रयोग गर्ने।

**द्विपक्षीय तथा बहुपक्षीय साझेदारः**

- पूर्व सूचना प्रणाली, हिमनदी अनुगमन र जलवायु अनुकूलनमा लगानी बढाउने।
- पूर्वाधार लगानीका लागि जलवायु-जोखिम परीक्षण (Due Diligence) लाई कडाइका साथ लागू गर्ने।
- क्षेत्रीय विपद् सहकार्य र वैज्ञानिक अध्ययन-अनुसन्धानमा सहयोग गर्ने।
- 'नोक्सानी तथा क्षति कोष' (Loss and Damage Fund) बाट प्राप्त हुने सहयोग प्रक्रियालाई द्रुत बनाउने।

**निष्कर्ष**

रसुवाको बाढी केवल एउटा मानवीय विपद्सँगै नेपालको सुशासन प्रणाली, पूर्वाधार योजना, जलवायु उत्थानशीलता संरचना, क्षेत्रीय सहकार्य र सूचना प्रणालीको लागि एउटा ठुलो परीक्षण (Stress test) थियो। भविष्यको उत्थानशीलता सीमा पार सहकार्य, जोखिम-सचेत विकास, दिगो पूर्वाधार, प्रभावकारी पूर्व सूचना प्रणाली, जबाफदेही वित्तीय व्यवस्थापन र भरपर्दो सार्वजनिक सञ्चारको एकीकृत प्रयासमा निर्भर रहनेछ।

उद्धरणका लागि (Recommended citation): एनआइआरसी र एथिकल मिडिया (२०८३)। *रसुवा हिमसुनामी २०२६ ले मिडिया मार्फत सिकाएका पाठहरू,* काठमाडौं।